नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फागुन २०७६ (February 2020) वर्ष २४/अङ्क २७५

## जति धेरै छिमेकी उति धेरै सहयोगी हातहरू

-एल्डर सिमोन पाठक

हाम्रो विचारमा छिमेकी भन्नासाथ आफू बसेको घरको दायाँ, बायाँ, अगाडि, पछाडिको घरलाई सम्झन्छौं । सामाजिक जीवनमा ती मानिसहरू हाम्रा छिमेकीहरू हुन् । तर व्यावहारिक जीवनमा घर जोडिदैमा मानिसहरू हाम्रो वास्तविक छिमेकी नहुन पनि सक्छन् । हाम्रो वास्तविक छिमेकी को हो सो कुरा प्रभु येशूले दिनुभएको असल सामरीको दृष्टान्तबाट थाहा पाउन सक्छौं । एउटा मानिस यरूशलेमबाट यरीहोतिर जाँदै गर्दा डाँकूहरूले नाङ्गै पारेर पिटे र घाइते बनाएर छोडे । एउटा पूजाहारी, त्यही बाटो भएर गयो, लेवी त्यही बाटो भएर गयो तर तिनीहरूले मर्नु न बाँच्नु भएर बाटोमा लडिराखेको मानिसलाई देखेर पनि नदेखे जस्तो गरी तर्केर गए । तर एउटा सामरी, त्यो समयको समाजमा निम्न स्तरको मानिस त्यो बाटो भएर जाँदै गर्दा घाइते मानिसलाई देखेपछि उसको मन दयाले भरियो । घाउमा मलहमपट्टि लगाइदियो, आफ्नै गधामा चढाएर बास बस्ने ठाउँमा पुऱ्यायो । भोलिपल्ट चाँदीका दुई सिक्का पौवाको मालिकलाई दियो र बढी खर्च लागे म फर्केर आउँदा तिरिदिनेछु भनी पौवाको मानिसलाई भन्यो (लूका १०:२५-३५) ।

प्रभु येशूले व्यवस्थाको पण्डितलाई सोध्नुभयो, ***"तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो ?" तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर"*** (लूका १०:३६-३७) ।

प्रभु येशूले दिनुभएको दृष्टान्तअनुसार यदि मैले कुनै मानिसलाई व्यावहारिक तवरले सेवा पुऱ्याएको छु भने त्यो मानिसको निम्ति म छिमेकी हुँ । मैले मेरो काम, सेवकाइ, शिक्षा, परामर्श आदिद्वारा कुनै मानिसलाई उत्साह दिनसकेँ, जिउनलाई अगाडि बढ्ने प्रेरणा दिन सकेँ, तोडिएको हृदयलाई मलहमपट्टि गर्न सकेँ, कसैलाई कुनै प्रकारले सहायता गर्न सकेँ भने ती मानिसहरूको निम्ति म छिमेकी हुँ । तर जति जनाको निम्ति म छिमेकी बनेको छु उहाँहरू सबैजना मेरो छिमेकी नहुन सक्नुहुन्छ । मेरो निम्ति छिमेकी ती व्यक्तिहरू हुन् जसले मेरो निम्ति, मेरो परिवारको निम्ति, मेरो सेवकाइको निम्ति प्रार्थना गरिदिनुहुन्छ, मेरो खाँचोमा मदत गर्नुहुन्छ, मलाई आत्मिकी क्षेत्रमा अघि बढ्नका लागि प्रेरणाको स्रोत बन्नुहुन्छ र मेरो निम्ति कुनैपनि किसिमको भलाइ वा मदतका कामहरू गर्नुहुन्छ, उहाँहरू नै मेरो छिमेकीहरू हुनुहुन्छ ।

तपाईंको निम्ति छिमेकी ती व्यक्तिहरू हुन् जसले तपाईंलाई कमजोर अवस्थामा बल दिन्छन्, लडेको अवस्थामा उठाउँछन् । अरू मानिसहरूले बोली वचनले, व्यवहारले हृदयमा चोट पुऱ्याएको समयमा, भावनात्मक रूपमा घाइते भएर लडेको अवस्थामा उत्साह दिन्छन्, प्रार्थना गरिदिन्छन्, घाइते अवस्थाबाट उठ्नलाई मदत गर्छन्, अगाडि बढ्नलाई प्रेरणा दिन्छन्, मनका वेदनाहरू बाँडेको समयमा तपाईंका कुराहरू सुनिदिन्छन्, तपाईंले बाटो बिराएको समयमा, गलत मार्गमा हिँडेको समयमा, तपाईंको आत्मिक जीवन कमजोर भएर गएकोसमयमा, तपाईंको पारिवारीक सम्बन्धमा झगडा, समस्याहरू भएर गएको समय जसले तपाईंलाई वास्तासहित प्रार्थना गरिदिन्छ, त्यो अवस्थाबाट निस्कनलाई सरसल्लाह दिन्छ, परामर्श दिन्छ, मदत गर्छ, उनीहरू नै तपाईंका छिमेकीहरू हुन् ।

प्रभु येशूले व्यवस्थाका अध्यापकलाई भन्नुभयो, ***"तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू । महान् र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैंलाई जस्तै प्रेम गर्नू । सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्"*** (मत्ती २२:३७-४०) । प्रभु येशूले परमेश्वरलाई प्रेम गर्ने र छिमेकीलाई प्रेम गर्ने दुई आज्ञाहरू दिनुभएको छ । हामीले परमेश्वरले दिनुभएका आशिषहरू उपभोग गर्नका लागि यी दुई आज्ञाहरूलाई पालन गर्नु आवश्यक छ ।

हामी यो वर्षमा नयाँ आशिषहरू देख्न चाहन्छौं भने हाम्रो कर्तव्यचाहिँ हामीले आफ्नो छिमेकीहरू बनाउनुपर्छ, हाम्रा छिमेकीहरू हुनुपर्छ । सामरीले जस्तै अरू मानिसहरूप्रति भलाईका कामहरू गरेर हामी आफ्नो निम्ति छिमेकी थप्नसक्छौं । आफूलाई मात्र अरूले छिमेकी बनाओस् भन्ने होइन, आफूले पनि अरूलाई छिमेकी बनाउँदै जानु पर्छ । तब मात्र खाँचो परेको समयमा हात बढाउने छिमेकीहरू आफ्नो साथमा हुन्छन् ।

हाम्रो काम गर्ने ठाउँमा, व्यवसायमा, पढ्ने स्कूल, कलेजहरूमा, घरको वरपर रहेका मानिसहरू जोहरूसँग हाम्रो चिन जान छ, कुराकानी हुन्छ, तिनीहरू सुसमाचार नपाएर आत्मिकी तवरमा घाइते छन् । डाँकूको हातमा परेका मानिस जस्तै भएका छन् । आत्मिकी जीवनमा मर्नु न बाँच्नु अवस्थामा छन् । शैतानको कैदमा छन् । उनीहरूको निम्ति सुसमाचार बताएर, दयाका कामहरू गरेर छिमेकी बन्न सक्छौं । मण्डलीभित्रै पनि कति मानिसहरू एक अर्काको बोलीवचन, व्यवहारद्वारा मनमा चोट लागेर घाइते अवस्थामा हुनसक्छन् । उनीहरूलाई असल सामरीले जस्तै मलहमपट्टि गर्न आवश्यक छ । त्यस्ता मानिसहरूको निम्ति दयाका कामहरू गरेर उनीहरूको छिमेकी बन्नसक्छौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| माघ २५<br>February 8 | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>शारोन रोंगोंग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकनेस्<br>शान्ता मगर | डीकन<br>पुरुषोत्तम न्यौपाने |
| फागुन ३<br>February 15 | श्री<br>लेखनाथ पौडेल | श्री<br>सरुषमान तामाङ्ग | एल्डर<br>बागमान तामाङ्ग | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>घनश्याम दाहाल | श्री<br>पर्शुराम अधिकारी | डीकन<br>आमोस खालिङ |
| फागुन १०<br>February 22 | एल्डर<br>अर्जुन ढकाल | एल्डर<br>सुरेश पुरकोटी | श्री<br>लेखनाथ पौडेल | पाष्टर<br>रोबर्ट कार्थक | डीकन<br>सिमोन भण्डारी | श्री<br>भिम खालिङ | एल्डर<br>सिमोन खालिङ |
| फागुन १७<br>February 29 | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>मान ब. मगर | डीकन<br>सिद्धी खालिङ | एल्डर<br>घनश्याम दाहाल | सहायक पाष्टर<br>रूबेन श्रेष्ठ | एल्डर<br>नवराज के.सी. | श्री<br>प्रकाश शर्मा |
| फागुन २४<br>March 7 | पाष्टर<br>रोबर्ट कार्थक | डीकनेस्<br>रश्मिला तामाङ्ग | डीकन<br>सुबोध अधिकारी | पाष्टर<br>दफ्तन सादा | श्रीमती<br>गंगा श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

मानिसहरूको निम्ति छिमेकी बन्नको लागि हाम्रो हृदयमा सामरीको हृदयमा भएको दयाजस्तै दया हुनु खाँचो छ । जब हाम्रो हृदयमा मानिसहरूप्रति दया, करूणा जाग्छ, तबमात्र हामी तिनीहरूको निम्ति प्रार्थना गर्नसक्छौं, भलाई गर्नसक्छौं, सुसमाचार दिने मौका खोज्छौं । हामीले आफ्नो भलाईका कामद्वारा छिमेकी थप्नसक्छौं । जुन मानिसले असल सामरीले जस्तै दयाका कामहरू गरेर छिमेकी बढाउँदै लान्छ, त्यो मानिसले प्रभुको वचन पूरा गरिराखको हुन्छ । नयाँ आशिष् देख्नका लागि आज्ञापालनको जीवन जिउनु महत्त्वपूर्ण छ । हामीले सेवा संगतिहरूमा वचन सुन्यौं, बिर्सियौ, वचन सुन्यौं, बिर्सियौ भने वचन सुनेर बिर्सने हाम्रो जीवनशैली भएर जानसक्छ । वचन सुनाइमा मात्र होइन आज्ञापालनमा आशिष् छ । परमेश्वरको वचन पढ्दा, अरूले प्रचार गरेको वचन सुन्दा, परमेश्वरले हाम्रो हृदयमा केही गर्ने प्रेरणा दिनुहुन्छ भने हामीले परमेश्वरको वचनले भन्नुभएअनुसार गर्नुपर्छ । क्षमा दिने विषयमा कति वचन सुन्यौं तर क्षमा दिनुपर्नेलाई क्षमा दिएनौं, क्षमा माग्नुपर्नेलाई क्षमा मागेनौं भने हामी अझै पनि बन्धनमै छौं । क्षमा दिंदा र लिंदा पाइने स्वतन्त्रता, छुटकारा, शान्ति, आनन्दको आशिष् प्राप्त गर्न सक्दैनौं । आशिष्‌चाहिँ आज्ञाकारीतामा छ वचन सुनाइमा मात्र होइन ।

परमेश्वरले इस्राएलीहरूलाई मोशाद्वारा दश आज्ञा दिनुभयो । ती दश आज्ञालाई प्रभु येशूले दुई आज्ञामा समेट्नुभयो । परमेश्वरलाई प्रेम गर्ने र छिमेकीलाई आफैंलाई झैं प्रेम गर्ने । हामीले परमेश्वरलाई प्रेम गर्छौं तर छिमेकीलाई घृणा गर्छौं भने परमेश्वरको आज्ञालाई तोडिराखेका हुन्छौं । हाम्रो जीवनमा विगतमा व्यावहारिक कामहरूद्वारा जो जति छिमेकीहरू बन्नुभएको छ, उहाँहरूलाई हामीले आफैलाई झैं प्रेम गर्नुपर्छ । विगतका वर्षहरूमा जो जतिले तपाईं र मेरो जीवनमा छिमेकीको भूमिका निभाउनुभयो, हामीलाई उठाउने काम गर्नुभयो, समाजमा चिनाउने कामहरू गर्नुभयो, उहाँहरूसँग आज हाम्रो सम्बन्ध कस्तो छ ? कि त मन मिलेको समयमा मात्र प्रेम गऱ्यौं र आजचाहिँ घृणा गरिराखेका छौं ? हाम्रो जीवनलाई यहाँसम्म आउनको निम्ति मदत गर्ने जो जति हुनुहुन्छ, उहाँहरू सबै जना हाम्रो छिमेकीहरू हुन् । आफ्नो छिमेकीलाई मन मिल्दामात्र, मदत गरेको समयमा मात्र होइन, सबै समय र अवस्थामा आफैलाई झैं प्रेम गर्नलाई प्रभुले आज्ञा गर्नुभएको छ । आफैलाई जस्तै प्रेम गर्नु भनेको जसरी हामीले आफ्नो ख्याल गर्छौं, भलो चिताउँछौ, त्यसरीनै छिमेकीको ख्याल गर्नु र भलो चिताउनलाई प्रभुले आज्ञा गर्नुभएको छ । उहाँको आज्ञालाई पालन गर्नु नै परमेश्वरलाई प्रेम गर्नु हो । यदि हामीले असल सामरीले जस्तै दयाका कामहरू गरेर छिमेकीहरू थप्दै गयौं भने हाम्रो निम्ति आवश्यक परेको समयमा धेरै हातहरू जुट्नेछन्, हाम्रो निम्ति रूने, हाँस्ने, प्रार्थना गर्ने, खाँचो परेको समयमा हात बढाउने मानिसहरू प्रशस्त हुनेछन् । जति धेरै छिमेकीहरू थप्दै जान्छौं, उति नै धेरै सहयोगी हातहरू पनि थपिनेछन् । सन् २०२० मा छिमेकीहरू बढाउँदै लानको निम्ति हामी के गर्नसक्छौं ?

## विशेष प्रार्थना

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइ र शक्तिमा बोझसाथ लागि पर्न सकून् ।

२. प्रभुको इच्छा र योजना पूरा गर्दै जान देशका सबै विश्वासीहरू साथै मण्डलीहरूका निम्नि पवित्र आत्माको अगुवाइ र निर्देशनको लागि प्रार्थना गरिदिऔं ।

३. मण्डलीका विश्वासीहरू प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा इमान्दारी हुन सकून् साथै प्रभुको दोस्रो आगमनको तयारीको लागि पनि तयार हुन सकून् ।

४. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

५. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

६. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैको मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् भनी प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **माघ २५**<br>February 8 | श्री<br>पदम पोखेल | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा<br>गोंगबूँ चर्चमा** | श्री<br>चन्द्र मोक्तान |
| **फागुन ३**<br>February 15 | एल्डर<br>जनक लाल श्रेष्ठ | पाष्टर<br>रोबर्ट कार्थक | डीकन<br>राज गुरुङ्ग | श्री<br>अमृत लामा | डीकन<br>कृष्ण तामाङ्ग | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>पिटर लिम्बु | एल्डर<br>छोदेन कार्थक | डीकन<br>जिल्बर्ट मिशो |
| **फागुन १०**<br>February 22 | डीकन<br>भुवन देवकोटा | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | डीकनेस्<br>रुष लामा | एल्डर<br>गोपी राई | डीकन<br>सुनिल मुनिकार | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>बि.एन. पण्डित | श्री<br>डिल्ली ब. राई |
| **फागुन १७**<br>February 29 | श्री<br>सुदान रुचाल | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | एल्डर<br>बेन्जामिन तामाङ्ग | डीकन<br>शुक्रराज घिमिरे | डीकन<br>सन्च कुमार राई |
| **फागुन २४**<br>March 7 | डीकन<br>एलेन लेप्चा | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>चिनु घ्लान | डीकन<br>सुनिल मुनिकार | डीकन<br>कृष्ण तामाङ्ग | एल्डर<br>लाक्पा लामा | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>कर्ण ब. तामाङ्ग | **संयुक्त सेवा<br>धापासी चर्चमा** |

## जानकारी



यू.के.मा बस्नुहुने नेइम सिर्जनानगर मण्डलीको सदस्य श्री पदम बहादुर राई ८७ वर्षको उमेरमा पौष १८ गते/जनवरी ३ तारिख शुक्रबारका दिन प्रभुमा सुत्नुभयो।



बेथानी आश्रममा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती पार्वती केवट ६७ वर्षको उमेरमा पौष २६ गते/जनवरी ११ तारिख शनिबारका दिन प्रभुमा सुत्नुभयो।



पनौतीमा बस्नुहुने नेइम पनौती मण्डलीको सदस्य श्री राम बहादुर प्रजापति ७८ वर्षको उमेरमा पौष १८ गते/जनवरी ३ तारिख शुक्रबारका दिन प्रभुमा सुत्नुभयो।

## हार्दिक बधाई



माघ ६ गते/जनवरी २० तारिख सोमबार नेइम सिर्जनानगर मण्डलीको सदस्य **श्री राज गजमेर** र ब्याप्तिस चर्च, धापाखेल ललितपुरकी सदस्य सुश्री **शर्मिला लोहार**को पवित्र विवाह ब्याप्तिस चर्चमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **राज** र **शर्मिला गजमेर**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## जानकारी

- पौष १२ गते/डिसेम्बर २८ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा १५ जना विश्वासीहरूले समर्पण गर्नुभयो।

## मिशनेरीहरूको लागि प्रार्थना

- पाष्टर जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई, भारत)
- पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार-गढवाल, भारत)
- पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत)
- पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत)
- पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार, बेलायत
- पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत)

**उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।**

## फरवरी महिनाको कार्यक्रम

- माघ १९ गते/फरवरी २ तारिख आइतबार बिहान १०:०० बजे **नेइम बाल संगति शिक्षक/शिक्षिका रिट्रिट** ज्ञानेश्वर मण्डलीमा।
- फागुन १ गते/फरवरी १३ तारिख बिहिबार बिहान १०:०० बजे **नेइम महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा।
- फागुन ९ गते/फरवरी २१ तारिख शुक्रबार **नेइम संयुक्त पुरुष रिट्रिट साथै रातभरिको प्रार्थना** (Whole Night Prayer) धापासीमा।
- फागुन २५ गते/मार्च ८ तारिख आइतबार **नेइम संयुक्त महिला संगति** ज्ञानेश्वर मण्डलीमा।
- फागुन २६ गते/मार्च ९ तारिख सोमबार **नेइम युवा रिट्रिट** आ-आफ्नै मण्डलीमा।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १९ 2<br>यो वर्ष नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>यशैया ४५:१-४, ५४:२-३ | २६ 9<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिष्हरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | ४ 16<br>नेइम परिषद्का गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ११ 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२४ | १८ March 1<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डली-लाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ |
| **सोमबार**<br>Monday | २० 3<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २७ 10<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारसित फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैका लागि प्रार्थना गरि-दिऔं ।<br>यर्मिया ३१:११-१२, १६-१७ | ५ 17<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्नो सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | १२ 24<br>नेइमका सम्पूर्ण विश्वासीहरूको जीवनको असल साक्षीद्वारा पनि धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ | १९ 2<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ |
| **मंगलबार**<br>Tuesday | २१ 4<br>यो वर्ष सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | २८ 11<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | ६ 18<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | १३ 25<br>प्रभुले मण्डलीमा थपिरहनु-भएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | २० 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>Wednesday | २२ 5<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>फिलिप्पी २:१३, ४:१३ | २९ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ७ 19<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:२२ | १४ 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | २१ 4<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार**<br>Thursday | २३ 6<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९, १ कोरिन्थी १५:५८ | **१ फागुन** 13<br>नेइमका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>एफिसी २:१० | ८ 20<br>विवाह बन्धनमा बाँधिनुभएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | १५ 27<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | २२ 5<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६, १६:३ |
| **शुक्रबार**<br>Friday | २४ 7<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुसमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:११ | २ 14<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस्।<br>२ इतिहास २०:२१-३० | ९ 21<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | १६ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ | २३ 6<br>मण्डलीले सेवा संगतिहरू साथै आराधना सेवामा सुनेका वचनहरू पालन गर्नेहरू भई परमेश्वरलाई महिमा दिन सकून<br>लुका ११:२८ |
| **शनिबार**<br>Saturday | २५ 8<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ | ३ 15<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून्।<br>कलस्सी २:२१-२२ | १० 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १७ 29<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | २४ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**"म तेरो अगिअगि जानेछु, र पर्वतहरूलाई समतल पार्नेछु । काँसाका ढोकाहरू म टुक्रा-टुक्रा पार्नेछु र फलामका बारहरू काट्नेछु । म परमप्रभु हुँ, म नै इस्राएलका परमेश्वर हुँ, मैले नै तँलाई तेरो नाउँ काढेर बोलाएको छु भनेर तैंले थाहा पाउनलाई म तँलाई अँध्यारो ठाउँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु ।"**

**यशैया ४५:२-३**